भिमाद नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**भिमाद,तनहुँ**

गण्डकी प्रदेश,नेपाल

प.स. २०७७/७८
च.नं

मितिः२०७७/७/१९

## माटो परिक्षण सञ्चालन सम्बन्धि सुचना

यस नगरपालिकाको आ.ब.२०७७/७८ को वार्षिक कार्यक्रम अनुसार भिमाद नगरपालिकामा प्रत्येक महिनामा माटो शिविर कार्यक्रम सन्चालन गर्ने भएको हुदा माटो परिक्षणको लागि यस भिमाद नगरपालिका भित्रका इच्छुक कृषकहरुले तपशिल अनुसारको विवरण सहित आ-आफ्नो खेत बारीको माटो लिई यस भिमाद कृषि बिकास शाखामा माटो संकलन गर्नु हुन सम्बन्धित सबैलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

माटोको नमुना संकलन गर्दा ध्यान दिनु पर्ने कुराहरुः

१) नमुना संकलन गर्दा १रोपनी जग्गाबाट सबैठाँउको प्रतिनिधि हुने गरि विभिन्न ५ स्थानको नमुना संकलन गर्ने

२) माटोको नमुना लिदा खाद्यान्न तथा तरकारी बालीको लागि करिव १५देखी २० से.मी वा करिव एक बित्ता र फलफुल खेतीको लागि करिब ३ फिट गहिराई सम्मको माटो लिनु पर्दछ र माटोको नमुना लिदा भी (“V”) आकारमा लिनु पर्दछ ।

३) नमुना संकलन गर्दा जमिनको सतह देखि करिब २-३ इन्चको माटो हटाएर मात्र नमुना लिने।

४) नमुना संकलन गर्दा मल थुपारेको ठाउ रुखको फेद मुनी आली कान्ला र भर्खर मल प्रयोग गरेको जग्गा आदिबाट संकलन नगर्ने

५) संकलित नमुना बाट जाच गर्नु पर्ने माटो मिसाई आधा के.जी मात्र लिएर आउने र उक्त माटोको नमुनामा झारपात ढुङ्गाहरु हटाएको हुनु पर्नेछ ।

६) नमुना संकलन गरेको प्लाष्टिकमा कृषकको नाम ठेगना मोवाहल नम्बर नमुना लिएको मिति खेत,वारी ,पाखो जमिन के हो उल्लेख गर्नुपर्दछ र उक्त जमिनमा लगाईएको बाली र अब लगाउने वालीको नाम समेत उल्लेख गर्नुपर्दछ

७) माटोको नमुना सफा प्लाष्टिक झोलामा हावा नछिर्ने गरि लिएर आउनु पर्नेछ।

**थप जानकारीको लगि सम्पर्क नम्बर**